- सेवा पुर्‍याउने संस्थाहरु (स्थानिय साझेदार संस्था तथा घट्ट निर्माताहरु) लाई तालिमको माध्यमबाट स्थानीय क्षमताको विकास गर्ने
- घट्टधनी समूह/संघलाई तालिम प्रदान गरी क्षमतामा सुधार ल्याउने
- सुधारिएको घट्टमा ऋण प्रवाह तथा लघु बीमा योजनाको लागि पहल गर्ने
- परिप्रयोग तथा घट्ट विद्युतीकरणको प्रवर्द्धन गर्ने
- सुधारिएको घट्टको गुणस्तर नियन्त्रण गर्ने, छनौट भएका घट्ट निर्माताहरुबाट घट्ट आपूर्तिको व्यवस्था मिलाइदिने
- छनौट भएका स्थानीय साझेदार संस्थाहरु मार्फत सुधारिएको घट्ट जडान गर्ने
- घट्टधनीहरुलाई सुधारिएको घट्ट सञ्चालन तथा मर्मत सम्भार सम्बन्धी तालिम प्रदान गर्ने
- पानीघट्टको बारेमा अनुसन्धान तथा विकास गर्ने
- केन्द्रीय नविकरणीय उर्जा कोष मार्फत अनुदान उपलब्ध गराउने
- सुधारिएको पानीघट्ट मार्फत लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई मुल प्रवाहीकरण गर्ने

## अनुदानको व्यवस्था

| अनुदान वर्गीकरण | अनुदान रकम (रु.मा) | | |
|---|---|---|---|
| | "क" वर्गका गाविसहरु | "ख" वर्गका गाविसहरु | "ग" वर्गका गाविसहरु |
| पिसानीको लागि | २०,००० | १८,००० | १६,००० |
| कुटानी तथा पिसानीको लागि | ४०,००० | ३८,००० | ३५,००० |

सुधारिएको पानीघट्टबाट बिजुली उत्पादन गरी गाउँघरमा विद्युतीकरण गर्ने भएमा त्यस्ता समुदायको स्वामित्व भएका सुधारिएको पानीघट्टमा देहाय बमोजिम अनुदान उपलब्ध गराइनेछ ।

| अनुदान वर्गीकरण | अनुदान रकम (रु.मा) | | |
|---|---|---|---|
| | "क" वर्गका गाविसहरु | "ख" वर्गका गाविसहरु | "ग" वर्गका गाविसहरु |
| अनुदान (प्रति घरधुरी) | ८,००० | ७,००० | ६,००० |
| प्रति किलोबाट ढुवानी अनुदान | २०,००० | १०,००० | ५,००० |
| तर प्रति किलोवाट अधिकतम अनुदान रकम "क" "ख" र "ग" वर्गका गाविसहरुमा क्रमश: रु. ९०,०००, रु.८०,००० र रु. ७०,००० भन्दा बढी हुने छैन । | | | |

## सुधारिएको पानीघट्ट नै किन ?

१. स्वच्छ र सफा खाद्यान्न प्रशोधन हुने जसले गर्दा स्वाद र पौष्टिक पदार्थमा प्रत्यक्ष वा अप्रत्यक्ष फाइदा पुग्ने ।
२. यस प्रविधिले स्थानीयस्तरमा रोजगारी तथा आम्दानी प्रदान गर्ने ।
३. स्थानीय जनसमुदायको श्रम, समय र पैसाको बचत हुने ।
४. यस प्रविधिले विभिन्न इन्धनको लागि विदेशीने पुँजी रोक्न सहयोग हुने ।
५. यस प्रविधिमा घट्ट धनीहरुका परिवारका साथै अन्य ग्रामीण समुदाय समेत प्रत्यक्ष वा अप्रत्यक्ष रुपले लाभान्वित हुने ।
६. परम्परादेखि चल्दै आएको ग्रामीण संस्कृति झल्काउने प्रविधिको रुपमा रहेको ।
७. ग्रामीण सञ्चालनमा आएका तथा भविष्यमा सञ्चालनमा आउन सक्ने डिजेल मिललाई विस्थापन गरी त्यसबाट निस्कने धुवाँबाट स्थानीय स्तरमा हुने वायु प्रदुषणबाट बचाउँदछ ।
८. प्राकृतिक श्रोत नदी, नाला, खोला, खोल्सीको पानीबाट चल्ने प्रविधि भएकोले विना इन्धन निरन्तर रुपले चलिरहने ।
९. ग्रामीण क्षेत्रमा बढ्दै गइरहेको उर्जाको माग धान्ने उपयुक्त विकल्पको रुपमा रहेको ।

### विस्तृत जानकारीका लागि


**सुधारिएको पानीघट्ट प्रविधि**
**सामुदायिक विद्युतीकरण शाखा**
**राष्ट्रिय ग्रामीण तथा नविकरणीय उर्जा कार्यक्रम**
**वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र,**
खुमलटार, ललितपुर
पो.ब.नं. १४३६४, खुमलटार, ललितपुर
फोन नं. ५५३९३९०, ५५३९३९१, फ्याक्स: ५५४२३९७
वेभ साइट: www.aepc.gov.np


तथा क्षेत्रीय सेवा केन्द्र र स्थानीय साझेदार संस्थामा सम्पर्क गर्नुहोस् ।

# सुधारिएको पानीघट्ट प्रविधि



नेपाल सरकार

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**

राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कायक्रम

सामुदायिक विद्युतीकरण शाखा

## भूमिका

नेपालको करिब ८३ प्रतिशत भू-भाग हिमाल र पहाडले ढाकेको छ। जटिल भूवनोटको कारणले गर्दा हिमाली र पहाडी क्षेत्रमा बसोबास गर्ने ग्रामीण समुदायसम्म आधुनिक ऊर्जा तथा अन्य प्रविधिहरुको पहुँच पुऱ्याउन निकै नै कठिन छ। उक्त क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरुले आफ्नो परिवार तथा समुदायको दैनिक जीवनयापन गर्नका निमित्त चाहिने ऊर्जाको बढ्दो मागलाई पुरा गर्नका लागि स्थानीय स्तरमा नै परम्परागत रुपमा चलिआएका प्रविधिहरुलाई निरन्तरता दिनुबाहेक अन्य विकल्प छैन। जस्तै अन्न प्रशोधन गर्न जाँतो, ढिकी तथा पानीघट्टको प्रयोगलाई लिन सकिन्छ। यस्ता प्रविधिहरु बढी झन्झटिलो हुने, बढी ऊर्जा खपत हुने, कार्यक्षमता कम हुने तथा बढी समय खपत हुने हुन्छन्। जसको कारण विशेष गरेर महिला तथा केटाकेटीले आफ्नो नियमित कार्यको अलावा अन्न प्रशोधनको निमित्त थप झन्झट बेहोरिरहेका छन्।

## सुधारिएको पानीघट्ट प्रविधि

उपरोक्त अवस्थालाई ध्यानमा राखी विभिन्न व्यक्ति तथा संघ संस्थाहरुको सामुहिक प्रयासमा परम्परागत पानीघट्टलाई केहि सुधार गरेर सुधारिएको पानीघट्ट प्रविधिको विकास गरिएको छ। हाल नेपालका विभिन्न जिल्लाहरुमा लगभग २५००० जति परम्परागत पानीघट्टहरु रहेको अनुमान छ। जसमध्ये सन् २०१३ को जुन सम्ममा ८३०० वटा सुधारिएका घट्टहरु छन् जसले घट्टधनीहरुको आम्दानी तथा सामाजिक स्तरमा सुधार ल्याउने मात्र नभएर स्थानीय समुदायलाई अन्न प्रशोधन सम्बन्धी सेवा तथा सुविधाहरु उपलब्ध गराउनुका साथै स्थानीय स्तरमा रोजगार, लघुउद्यमको अवसरको श्रृजना समेत गरेको छ। नवीकरणीय ऊर्जा क्षेत्रलाई अघि बढाउने उद्देश्यले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र अन्तर्गत रहेको राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम, सामुदायिक विद्युतीकरण शाखाले सुधारिएको पानीघट्ट प्रविधि नेपालका सम्पूर्ण पहाडी तथा हिमाली क्षेत्रमा सञ्चालनमा ल्याएको छ।

## उद्धेश्यहरु

- घट्टधनी तथा ग्रामिण समुदायको जीवनस्तरमा सुधार ल्याउने
- ग्रामीण महिला तथा पुरुष दुबैको रोजगारी तथा उत्पादकत्वमा वृद्धि गर्ने
  परम्परागत ऊर्जामाथीको निर्भरतामा कमी ल्याउने
- उत्पादनमुलक परिप्रयोग तथा रोजगारीको विविधिकरण गर्ने
- ग्रामीण समुदायका महिला तथा पुरुषका सामाजिक आर्थिक क्रियाकलापहरु र वैकल्पिक ऊर्जालाई एकिकृत रुपमा सञ्चालन गरी दिगो विकास हासिल गर्ने

## अवधी

२०१२ जुलाई देखि २०१७ जुन अन्तिम सम्म

## भौतिक लक्ष्य

४,००० सुधारिएको पानीघट्ट, पानीघट्ट विद्युतीकरण तथा विविध परिप्रयोगहरु जडान गर्ने

## लक्षित समूह

- पहाडी तथा हिमाली क्षेत्रमा पानीघट्ट सञ्चालन गर्दै आएका घट्टधनीहरु
- ग्रामीण समुदाय, विषेशगरी महिलाहरु जो अन्न प्रशोधन तथा विद्युतिकरणको लागि परम्परागत पानीघट्ट वा डिजेल मिलमा भर पर्न बाध्य छन्।
- सेवा प्रदान गर्ने सेवा प्रदायकहरु।

## कार्यक्षेत्र

नेपालका सम्पूर्ण पहाडी तथा हिमाली जिल्लाहरु

सहयोगी निकायहरु

- नेपाल सरकार
- डेनमार्क सरकार
- नेदरल्याण्ड्स विकास नियोग
- सँयुक्त राष्ट्र संघ विकास कार्यक्रम
- नर्वेजियन सरकार
- जर्मन विकास बैंक
- डि. एफ. आई. डि.

## सम्बन्धित सरोकालवालाहरु

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/राष्ट्रिय ग्रामीण तथा नविकरणीय उर्जा कार्यक्रम

- कार्यान्वयन गर्ने
- आवश्यक नीतिहरु निमार्ण गर्ने, सहकार्य तथा कार्यक्रमको अनुगमन गर्ने
- कार्यान्वयन गर्ने निकाय
- सुधारिएको पानीघट्ट सम्बन्धि सम्पूर्ण गतिविधिहरुको अनुगमन तथा मुल्याङ्कन गर्ने

## क्षेत्रीय सेवा केन्द्र

- आवश्यक सूचना तथा जानकारीहरु उपलब्ध गराउने
- वार्षिक कार्य योजना तयार गर्ने क्रममा स्थानीय साझेदार संस्थालाई सहयोग गर्ने
- परिप्रयोगको विविधिकरणमा जोड दिने/प्रवर्द्धन गर्ने
- स्थानीय साझेदार संस्थाका गतिविधिहरु अनुगमन गर्ने
- स्थानीय तथा क्षेत्रिय रुपमा नविकरणीय उर्जा सम्बन्धित गतिविधिहरु समन्वय तथा सञ्चालन गर्ने
- स्थानीय सरकारी निकायहरु, वित्तिय निकायहरु तथा अन्य सरोकारवाला निकायहरुसंग सहकार्य गर्ने

## स्थानीय साझेदार संस्था

- सुधारिएको घट्ट जडानको लागि आवश्यक सर्वेक्षण गर्ने
- मान्यता प्राप्त निर्माता कम्पनी मार्फत घट्ट किट आपुर्ती गर्ने
- सुधारिएको पानीघट्ट जडान गर्ने तथा नियमित अनुगमन गर्ने
- परम्परागत घट्ट सुधार गर्नको लागि घट्टधनीहरुलाई प्रेरित गर्ने
- लघुवित्त संस्थाहरु मार्फत ऋण सुविधा प्राप्त गर्न घट्टधनीहरुलाई सहयोग गर्ने
- नविकरणीय उर्जा प्रविधिहरुको प्रचार प्रसार गर्ने
- परिप्रयोगको विविधिकरणमा जोड दिने/प्रवर्द्धन गर्ने
- आवश्यक निकायहरुमा नियमित रुपमा प्रतिवेदन तथा जानकारीहरु उपलब्ध गराउने

## घट्ट किट निर्माता

- मान्यता प्राप्त निर्माता कम्पनीहरुले तोकिएको मापदण्ड अनुसार घट्ट किट निर्माण गर्ने तथा आपुर्ती गर्ने।

## घट्ट धनी संघ

- घट्ट धनीहरुमा जनचेतना जगाउने
- घट्ट धनीहरुको हकहितको लागि दबाब समूहको रुपमा कार्य गर्ने
- स्थानीय साझेदार संस्थाको रुपमा कार्य गर्ने

## अपेक्षा गरिएका परिणामहरु

- ४००० सुधारिएको घट्टधनीको आयमा वृद्धि ल्याई घट्टबाट प्राप्त हुने सुविधालाई विविधिकरण गरी ग्रामीण घर परिवारलाई सेवा पुऱ्याउने
- घट्टधनीहरुलाई घट्टधनी संघमा आवद्ध गराई उनीहरु लाई आर्थिक एवं प्राविधिक रुपमा सक्षम बनाउने
- ४००० सुधारिएको घट्टबाट विभिन्न परिप्रयोगबाट करिब १६००० टन हरित गृह ग्याँस उत्सर्जनमा कमी ल्याउने
- ग्रामीण क्षेत्रमा रोजगारीको अवसर प्रदान गर्ने
- संस्थागत रुपमा स्थानीय क्षमताको विकास गरी सम्पूर्ण सुधारिएको पानीघट्ट क्षेत्रलाई सुधार गरी दीर्घकालीन बनाउने
- अन्न प्रशोधन गर्दा कुर्नुपर्ने समयमा झण्डै ४१६,००० घण्टा बराबर कमी ल्याउने
- ४००० सुधारिएको घट्ट मार्फत झण्डै ६ मेगावाट बराबरको स्वच्छ उर्जा उत्पादन गर्ने
- विभिन्न तालिमहरु मार्फत महिला तथा सामाजिक रुपमा पिछडिएका वर्गको क्षमता अभिबृद्धि गर्ने
- ग्रामीण क्षेत्रमा रोजगारीको सिर्जना गर्ने

## प्रमुख गतिविधिहरु

- प्रदर्शनी स्थल निर्माण, रेडियो कार्यक्रम तथा वृत्तचित्र निर्माण, जानकारीमूलक पर्चाहरुको प्रयोग मार्फत व्यापक प्रचार प्रसार गरी जनचेतना जगाउने तथा वृहत अन्तर्क्रिया गर्ने
- परम्परागत घट्टको आधारभूत अभिलेख संकलन गर्ने
- सुधारिएको पानीघट्ट प्रविधि जडान तथा अन्य गतिविधिहरुको नियमित अनुगमन गर्ने
- कार्यक्रमलाई थप प्रभावकारी बनाउन स्थानीय तथा सरोकारवाला निकाय र कार्यक्रमहरुसंग सहकार्य गर्ने